# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


मितिः २०७८/०२/०७

## पूर्ण बन्दाबन्दी सम्बन्धी अत्यन्त जरुरी सुचना ।

विश्वव्यापी रुपमा हाल फैलिएको कोरोना भाईरस (कोभिड - १९) को नयाँ भेरियन्टको संक्रमण रोकथाम तथा नियन्त्रणका लागी दक्षिणकाली नगरपालिकाको सभाहलमा मिति २०७८/०२/०७ गते नगर प्रमुखज्यूको अध्यक्षतामा नगर क्षेत्र भित्रका राजनैतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी एवं कर्मचारीहरु सहित बसेको बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुदाँ सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

- मिति २०७८/०२/०९ गते, आईतबार बेलुका ५:०० बजे देखि मिति २०७८/०२/१५ गते, शनिबार बेलुका ५:०० बजे सम्मका लागि तपसिलका स्थानहरुमा घर बाहिर हिडडुल गर्न पूर्ण रुपमा रोक लगाउने, औषधी पसल र स्वास्थ्य संस्थाका अत्यावश्यक सेवा बाहेकका अन्य सेवा र सम्पूर्ण खाद्यान्न पसल, किराना पसल, मासु पसल, फलफुल तथा तरकारी पसल, चिया पसल, होटेल, निर्माण व्यवसायी लगायतका पसलहरु, नगरबाट सञ्चालित आयोजनाहरु, सरकारी तथा गैर सरकारी कार्यालय, बैङ्क तथा वित्तिय संस्थाहरु, निजी सम्पूर्ण कार्यालयका सेवाहरु पूर्ण रुपमा बन्दाबन्दी हुने ।

<u>तपसिल</u>

| क.सं. | पूर्ण बन्दाबन्दी गरिएका स्थानहरु | कैफियत |
|---|---|---|
| १ | वडा नं.१ को खहरे र भण्डारी गाउँ क्षेत्र | |
| २ | वडा नं.३ को पावर हाउस पोखरी (सोखेल) मुनिको क्षेत्र | |
| ३ | वडा नं.५ को डोल्लु क्षेत्र | |
| ४ | वडा नं.५, ६ र ७ को फर्पिङ बजार क्षेत्र | |

- खानेपानी ढुवानीका साधन, दुग्ध उत्पादन तथा दुग्ध उद्योगबाट उत्पादित दुधको ढुवानीका साधनलाई स्वास्थ्य सुरक्षा मापदण्ड (ट्याङ्कर चालकले पि.पि.ई.सहित मास्क, स्यानिटाईजर, पञ्जा आदि) लगायतको पालना गरी सञ्चालन गर्न दिने ।
- उल्लेखित पूर्ण बन्दाबन्दीको अवधि अघिपछि र निषेधाज्ञाको समयावधि भर विश्वभरि फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड - १९ महामारीको संक्रमण रोकथाम र नियन्त्रणका लागि काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट मिति २०७८/०१/२८ गते जारी भएको आदेश बमोजिम कार्यान्वयन गर्ने ।
- नेपाल सरकारबाट जारी सुचना अनुसार भेरोसिल खोपको दोस्रो मात्रा लगाउने कार्यमा पहिलो पटक खोप लगाएको खोप कार्ड भएको व्यक्ति मात्र खोप लगाउनका लागी तोकिएको खोप केन्द्र सम्म आवतजावत गर्न सकिनेछ ।
- पशु पन्छीको दाना, कृषि प्रयोजनको बिउबिजन, कृषि उत्पादन, फोहोरमैला बोक्ने सवारीसाधनलाई पूर्ण बन्दाबन्दी अवधिभर स्वास्थ्य सुरक्षा मापदण्ड (चालकले पि.पि.ई.सहित मास्क, स्यानिटाईजर, पञ्जा आदि) पालना गरी सञ्चालन गर्न सकिने ।

..........................

(मोहन बस्नेत)

नगर प्रमुख


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np